नेपाल सरकार

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# श्रव्यदृश्य शाखा

सानोठिमी, भक्तपुर

## सूचीकृत हुनका लागि सूचना

(पहिलो पटक सूचना प्रकाशन मिति २०८०।०५।०१)

यस केन्द्रद्वारा विद्यालय शिक्षाका स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई पूरक सामग्रीको रूपमा ICT को प्रयोगमार्फत गुणस्तरीय श्रव्य तथा श्रव्यदृश्य पाठहरू उत्पादन गरी रेडियो र टेलिभिजनबाट प्रसारण गर्नका लागि विषयगत विज्ञ शिक्षकहरूको सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराइन्छ ।

कक्षा १ देखि १० कक्षासम्म शिक्षण गर्नका लागि सम्बन्धित विषयमा कम्तीमा स्नातक तह र कक्षा ११ र १२ का लागि सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी तालिम प्राप्त गरेका र विद्यार्थीको स्तर, रूचि, उमेर समूह र क्षमता बमोजिम उत्प्रेरणा प्रदान गर्नसक्ने तथा विषयगत ज्ञान, सिप र कला कौशलसहित अन्तर्क्रियात्मक शैलीमा ICT को प्रयोग गरी शिक्षण गर्नसक्ने इच्छुक शिक्षकले सूचीकृत हुन यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिनभित्र रू.१०।- (दश) को टिकट टाँसी देहाय बमोजिम संलग्न गर्नुपर्ने विवरण आफैंले प्रमाणित गरी तोकिएको ढाँचामा निवेदन दिनहुन यो सूचना प्रकाशन गरिएको छ । सूचीकृत हुन चाहने शिक्षकले सम्पूर्ण कागजातको स्क्यान कपी इमेल ठेगाना **cehrdvirtualclass@gmail.com** मा पठाउन वा केन्द्रमा आफैं आई निवेदन दिन सकिने छ । सूचीकृत हुने विज्ञ शिक्षकको नामावली केन्द्रको वेवसाइटमा पछि प्रकाशन गरिने छ ।

**संलग्न गर्नुपर्ने विवरण :**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२. नियुक्ति-पत्रको प्रतिलिपि

३. शैक्षिक योग्यता र तालिमका प्रमाणपत्रको प्रतिलिपि (माथिल्लो योग्यता मात्र)

४. विद्यालयबाट सम्बन्धित विषय शिक्षण सिकाइ गरेको प्रमाणित पत्रको प्रतिलिपि

यस केन्द्रमा गत वर्ष सूचीकृत भएका शिक्षकले यस वर्ष पनि नवीकरण हुन चाहेमा तोकिएको ढाँचामा निवेदन दर्ता गराउनु पर्ने छ । यस सम्बन्धमा थप जानकारीका लागि ०१-६६३१३७२ मा फोन म्पर्क गर्न सकिने छ । निवेदनको ढाँचा केन्द्रको वेवसाइट cehrd.gov.np बाट प्राप्त गर्न सक्नुहुने छ ।

टिकट रू.१०

मिति : २०८०।...। ....

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर ।

**विषय : विज्ञ शिक्षकको सूचीमा दर्ता/नवीकरण गराई पाऊँ ।**

त्यस केन्द्रबाट उत्पादन गरिने श्रव्यदृश्य तथा श्रव्य पाठ उत्पादन कार्यमा म विज्ञ शिक्षक भई कार्य गर्न इच्छुक भएकाले निम्नानुसारको विवरण भरी सूची दर्ता/नवीकरण गराई पाउन अनुरोध छ ।

१. शिक्षकको नाम थर :.......................................................................

२. विद्यालयको नाम र ठेगाना : ...............................................................................

३.शिक्षण अनुभव वर्ष :.........................................................

४. शिक्षण गरेको तह :..................................... कक्षाः .............................

५. शिक्षण गर्न चाहेको विषय : ..............................तहः ................. कक्षाः.........

६.स्नातक तह उत्तीर्ण गरेको साल : ............................, मूल विषयः .................... र श्रेणीः...................

७. स्नातकोत्तर तह उत्तीर्ण गरेको साल : ............................, मूल विषयः .................... र श्रेणीः.................

८. सम्बन्धित विषय शिक्षण सिकाइसम्बन्धी तालिमको प्रकार : ...............................,तालिम अवधिः.................

९. स्थायी/अस्थायी/करार नियुक्ति : .......................तह, .................विषय, र मिति :...............

१०. श्रव्यदृश्य पाठ शिक्षण तथा श्रव्यपाठको स्क्रिप्ट लेखन तथा विकाससम्बन्धी अनुभव वर्ष :........................

११. ICT को प्रयोग गरी कक्षा शिक्षण सिकाइ गर्न सक्षम छु / छैन : .........................

१२. ICT सम्बन्धी तालिमः .............. तालिम अवधिः.......................

१३. विषयगत ज्ञान, सिप र शिक्षण कला कौशल अनुरूप शिक्षण गर्न सक्ने/नसक्ने :.............

१४. श्रव्यदृश्य पाठ शिक्षणका लागि रिहर्सल/डेमो कक्षा प्रस्तुत गर्न सक्ने/नसक्ने :...............

१५.कार्यरत विद्यालयबाट केन्द्रको समय सारिणी अनुसार कार्य गर्न अनुमति दिने / नदिने : ................

१६. केन्द्रलाई आवश्यक हुँदा समय दिन सक्ने / नसक्ने : .............................................

१७. आफ्नै सवारी साधन चलाई आवत जावत गर्न सक्ने / नसक्ने : ...........................................

१८. सरुवा रोगजन्य सङ्क्रमण भए/नभएको स्वघोषणाः ................................

उल्लिखित विवरण सही साँचो हो । यसमा केही फरक पर्ने छैन भनी हस्ताक्षर गर्छु । श्रव्यदृश्य तथा श्रव्य पाठ उत्पादन गर्नका लागि केन्द्रको निर्देशन तथा जारी आचारसंहिता पूर्णरूपमा पालना गर्छु । साथै आवश्यक कागजातसमेत संलग्न गरेको छु ।

<u>संलग्न कागजात</u>

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपि
३. सम्बन्धित विषय शिक्षणसँग सम्बन्धित तालिम प्रमाणपत्रका प्रतिलिपि
४. ICT सम्बन्धी तालिम प्रमाणपत्रको प्रतिलिपि
५. कार्यरत शिक्षक भए सम्बन्धित विद्यालयले कार्य अनुमति दिएको पत्रको प्रतिलिपि
६. फोटोसहितको वैयक्तिक विवरण (CV)

निवेदक

हस्ताक्षर ............................
नाम थरः ............................
सम्पर्क मो.नम्बरः...................
इमेल ठेगानाः ......................
हाल वसोवास गरेको ठेगानाः ................

*दष्टव्य : नवीकरण गर्नेहरूका हकमा उल्लिखित विवरण परिवर्तन नभएमा यो फाराम भरी पेस गर्दा मात्र हुने छ ।*